तिलोत्तमा नगरपालिका

**स्थानीय राजपत्र**

खण्ड २) तिलोत्तमा, मंसिर महिना २६ गते २०७५ साल (संख्या १८

भाग : २

## तिलोत्तमा नगरपालिका

## तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्वत् २०७५ सालको कार्यविधि नं. १५

**कार्यविधिको नाम : नगरकार्यपालिकाको कार्यालयले टोल विकास संस्था सन्चालनका लागि उपलव्ध गराईने अनुदान रकम खर्च कार्यबिधि, २०७५**

१. **प्रस्तावनाः**

यस तिलोत्तमा नगरपालिकाले नगर क्षेत्रका सवै वडाहरुमा भौगोलिक अवस्था, टोल तथा वस्ती, निश्चित घरधुरी, नागरिक समुदायको वसोवास आदि जस्ता कुरालाई मध्य नजर गर्दै टोल विकास संस्था गठन गरेको छ । नगर विकास कार्यक्रमका विकास अभियान, सामाजिक जागरण अभियान, आ आफ्नो टोल तथा वस्तीका विकास कार्यक्रमको योजना तर्जुमा, नगरपालिका देखि टोल वस्ती र घरधुरी सम्म छिटो छरितो सूचनाको आदान प्रदान आदी जस्ता कार्यक्रम सन्चालन गर्नु टोल विकास संस्थाको मूल उद्देश्य हो । तिलोत्तमा नगर कार्यपालिकाको कार्यालयले टोल विकास संस्था सन्चालनका लागि उपलव्ध गराईने अनुदान रकम खर्च कार्यबिधि २०७५ तयार गरि लागु गरिएको छ । यो कार्य विधि परिमार्जन तथा सुधार गर्नु परेमा कार्यपालिकाको वैठकको निर्णयले गर्न सकिने छ ।

२. *उद्देश्य :*

*नगर क्षेत्रमा गठन भएका सवै टोल विकास संस्थाको सस्थागत विकास, नियमित सन्चालनका लागि अति आवस्यक र न्युनतम स्टेशनरी, नियमित वैठक सन्चालन गर्दा कार्यतालिका अनुसार गरिएको आ आफ्नो टोलको सरसफाई कार्यमा लाग्ने खर्च तथा सरसफाइका लागि चाहीने आवस्यक औजार वा अन्य आवस्यक सामर्ग्री, टोलको सौन्दर्यता वढाउने र नियमित सन्चार गर्नुपर्ने आदि जस्ता कार्यमा भएका खर्चको भुक्तानी गर्न यस अनुदान रकमको प्रमुख उद्देश्य हो ।*

३. **टोल विकास संस्था सन्चालनका लागि उपलव्ध गराईने अनुदान रकम खर्च संचालन :**

३.१ नगरपालिकाले यस कार्यका लागि विनियोजित गरिएको रकम प्रत्येक टोल विकास संस्थाको कार्य प्रगती र प्रस्तावित कृयाकलापको आधारमा न्युनतम ३० हजार देखि ५० हजार सम्म टोल विकास संस्थाको काम र प्रकृती अनुसार अनुदान रकम उपलव्ध गराउने छ ।

३.२ प्रत्येक टोल विकास संस्थाले आ आफ्नो टोल विकास संस्थाको कार्य समिती पदाधिकारीको नियमित वैठक, वार्षिक साधारण सभा जस्ता कार्य गर्दा भएका खर्च भुक्तानी गर्न सक्ने छ ।

३.३ प्रत्येक टोल विकास संस्थाले संस्था सन्चालनका लागी आवस्यक पर्ने स्टेशनरी जस्तैः रजिष्टर, लेटर प्याड, फाईलहरु, स्ट्याम प्याड, रसदिहरु, फोटोकपि, सामग्री राख्ने सानो र्‍याक तथा स्टील वाकस, पन्चीङ्ग मेसिन, स्टयापलर मेसिन, आदि जस्ता सामग्रीहरु खरिद गर्न खर्च गर्न सक्ने छ ।

३.४ नियमित सामाजिक अभियानका कार्यक्रमहरु जस्तैः नियमित सरसफाई गर्दा चाहीने सामग्री खरिद गर्नु परेमा यस रकमवाट खर्च गर्न सक्ने छ ।

३.५ वैठक तथा भैपरि आउने कार्य गर्न सदस्य तथा उपभोक्ताहरुलाई आवस्यक सूचनाहरु आदान प्रदान गर्न वढीमा वार्षिक रु. ३००० सम्म सन्चार खर्च वापत प्रत्येक टोल विकास संस्थाले खर्च गर्न सक्ने छ ।

३.६ नगरपालिकाले गर्न थालेको ग्रीन तिलोत्तमा, क्लीन तिलोत्तमा अभियानलाई साकार पार्न प्लाष्टिक झोला निरुत्साहित गर्न आ आफ्नो टोलका नागरिक समुदायको समेत सहभागीता हुने गरि टोल विकास संस्थाको नाममा वातावरण मैत्रि वलिया खालका वजार गर्न र उपभोग्य सामग्री खरिद गरिने झोलाहरु, फोहर व्यवस्थापनका लागि डस्टविनहरु तयार गरि वडा जन प्रतीनिधिहरुको रोहवरमा वितरणका लागी खर्च गर्न सकिने छ ।

३.७ आ आफ्नो टोलको सौन्दर्यता वढाउन र हरियालि कायम गर्न भित्रि सडक किनार तथा नागरिक समुदायको आ आफ्नो टोलको वगैंचामा वहुवर्षे तथा मौषमी फुलका विरुवा वितरण गर्ने कार्यमा वडा जनप्रतीनीधिहरुको रोहवरमा खर्च गर्न सकिने छ ।

३.८ यस अनुदान रकमवाट भए गरिएका क्रियाकलापहरु, उपलव्धिहरु साथै आम्दानी खर्चको विल भर्पाइ विवरणहरु टोल विकास संस्थाको नियमित वैठकमा पेस गरि अनुमोदन गराउनु पर्ने छ ।

४. नगरपालिकावाट रकम निकासा तथा टोल विकास संस्थाको रकम फर्स्योट प्रकृया:

४.१ यस कार्यविधिको माथी उल्लेखित वुंदा नं. ३.२ देखि वुंदा नं. ३.७ सम्मको परीधि भित्र रही प्रत्येक टोल विकास संस्थाले खर्च गर्ने कृयाकलापहरुको अनुसूची –१ फारम अनुसार आर्थीक वर्षको पहिलो त्रैमाषिक भित्र अनुमानित लागत इष्टिमेट तयार गरि टोल विकास संस्थाको वैठकले निर्णय गरि वैठकको निर्णय प्रतिलिपि, वडा जनप्रतीनिधि र वडा कार्यालयको सिफारीस सहित रकम मागको लागि नगर कार्यपालिकामा पेश गर्नु पर्ने छ ।

४.२ टोल विकास संस्था सन्चालनका लागि टोल विकास संस्थाले माग गरेको रकम उपलव्ध गराउन नगरपालिकाले यस कार्यविधिको वुंदा नं. १ को परिधीभित्र रहि औचित्यका आधारमा किस्तावन्दी वा एकमुष्ट रुपमा टोल विकास संस्थाको नाममा रहेको वैंक खातामा अनुदान रकम उपलव्ध गराउने छ ।

४.३ टोल विकास संस्था सन्चालनका लागि उपलज्ध गराईएको अनुदान रकमको फर्स्योट अनुसूची –२ फारम अनुसार विस्तृत खर्चको विवरण, वास्तविक खर्चका विल भर्पाइहरु, प्रत्येक वैठकका निर्णय प्रतीलिपिहरु, खर्च अनुमोदन गरिएको निर्णय प्रतीलिपिहरु आथीक वर्षको अन्त्यमा वडा जनप्रतीनिधिको सिफारिस सहीत टोल विकास संस्थाले पेश गर्नु पर्ने छ । तोकेको समयमा आवस्यक विल भर्पाई पेश गर्न नसकेमा टोल विकास संस्थाको नाममा वेरुजु रहने छ ।

४.४ नगरपालिकाले उपलव्ध गराएको रकम उद्देश्य भन्दा विपरीत टोल विकास संस्थाले खर्च गर्न पाईने छैन । यदा कदा त्यस्तो देखिएमा वा अनियमिता गरेको पाइएमा प्रचलित कानुन वमोजीम हुनेछ ।

५ रकम मागको लागि आवस्यक पेश गर्नुपर्ने कागजातहरु

- अनुसूची –१ फारम अनुसार वर्षभरी गरिने गरिने कार्यक्रमहरुको अनुमानित लागत ईष्टिमेटका कागजात पेश गर्ने ।
- टोल विकास संस्थाको रकम माग गर्ने सम्वन्धी निर्णय माइनुट, माग पत्रको निवेदन र संस्थाको छाप ।
- टोल विकास संस्थाको वैंक खाता नम्बर/खाताको प्रकार/वैंक (पास बुक वा Bank Statement को फोटोकपि संलग्न गर्ने ।
- वडा कार्यालयको सिफारिस पत्र ।

## टोल विकास संस्था सन्चालनका लागि अनुमानित लागत विस्तृत इष्टिमेट
## अनुसूची फारम–१

१. टोल विकास संस्थाको पुरा नामः ....................................................

२. वडा नं. : ..........स्थान.............................. संस्था दर्ता नं.:..........

५. बजेट अनुमान रकम जम्मा रु.............. अक्षेरुपी ............................

| क्र. सं. | प्रस्तावित क्रियाकलाप/विवरण | लागत अनुमान | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | दर | जम्मा रु. | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | कुल जम्मा रु. | | | | | |

| पेश गर्ने ( संयोजक/तोकिएको पदाधिकारी) | सिफारिस गर्ने (वडा कार्यालयको तर्फवाट |
|---|---|
| नाम :<br>हस्ताक्षर र मिति :<br>छापः<br>रोहोवर जन प्रतीनिधि वडा सदस्य<br>नाम<br>हस्ताक्षर र मितीः | नाम :<br><br>हस्ताक्षर र मिति :<br><br>छाप |

**टोल विकास संस्था सन्चालनका लागि लिएको अनुदान फर्स्योट खर्च विवरण**
**अनुसूची फारम–२**

१. टोल विकास संस्थाको पुरा नामः ..................................................

२. वडा नं. : ..........स्थान.......................... संस्था दर्ता नं.:..............

५. वास्तविक जम्मा जम्मा खर्च रकम रु.........अक्षेरुपी ..........................

| क्र. सं. | खर्च गरिएको शिर्षक /क्रियाकलाप/विवरण | वास्तविक खर्च | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | इकाई | परिमाण | दर | जम्मा रु. | |
| | | | | | | विल नं... देखि....सम्म |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | कुल खर्च जम्मा रु. | | | | | |

| पेश गर्ने ( संयोजक/अध्यक्ष/तोकिएको पदाधिकारी) | सिफारिस गर्ने (वडा कार्यालयको तर्फवाट) |
|---|---|
| नाम :<br>हस्ताक्षर र मिति :<br>छाप :<br>रोहोवर जन प्रतीनिधि वडा सदस्य<br>नाम<br>हस्ताक्षर र मितीः | नाम :<br>पदः<br>हस्ताक्षर र मिति :<br><br>छाप |

# तिलोत्तमा नगरपालिका कार्यालय

**नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही**
**५ नं. प्रदेश, नेपाल**

**टोल विकास संस्था सन्चालन अनुदान योजना सम्झौता फारम**

**१. सम्झौता गर्ने पक्ष**

**क) टोल विकास संस्थाको विवरण**

१. नामः ......................
२. ठेगानाः तिलोत्तमा न.पा. वार्ड नं........
३. अनुदान स्वीकृत गर्ने निकायः तिलोत्तमा नगरपालिका, रुपन्देही
४. आर्थिक वर्षः ..............

**ख) अनुदान रकमको विवरण**

१. अनुसूचि फारम नं. १ अनुसार ईष्टिमेट लागत अनुमान रु. .......... (अक्षरेपी.....................................................................)

ग) टोल विकास संस्था सम्बन्धि विवरणः
१. गठन भएको मितिः
२. पदाधिकारीहरुः

| क्र.सं. | पद | नाम | ठेगाना | बावु/पति | वाजे/ससुरा |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | उपाध्यक्ष | | | | |
| ३ | सचिव | | | | |
| ४ | सहसचिव | | | | |
| ५ | कोषाध्यक्ष | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |
| ८ | सदस्य | | | | |
| ९ | सदस्य | | | | |
| १० | सदस्य | | | | |
| ११ | सदस्य | | | | |

नगरपालिकाको तर्फवाट
१. चेक जांच गरि पेश गर्नेको
सहीः
नामः
पदः
२. सम्फौत गर्ने अधिकारीको
सहीः
नामः
पदः
छापः

टोल विकास संस्थाको तर्फवाट
अध्यक्षः
सहीः
सचिवः
सहीः
मितिः
छापः

**टोल विकास संस्था अन्तरगतका बासिन्दाको नाम थर ठेगाना**

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**प्रमाणिकरण मिति : २०७५ मंसिर २६ गते**

**आज्ञाले**
**(कृष्णप्रसाद सापकोटा)**
**प्रमुख प्रशासकीय अधिकृत**